# आ.ब. २०८१/८२ को नीति तथा कार्यक्रम

## (नगर प्रमुख ज्यूले १४ औ नगरसभामा पेश गर्नुभएको नीति तथा कार्यक्रम)

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो र गौरवपूर्ण ऐतिहासिक जनआन्दोलन लगायतका अन्य संघर्षहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु, बेपत्ता, घाइते र पीडितहरु प्रति सर्वप्रथम उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु। कोभिड–१९ को माहामारीको प्रभाव र यसले नेपाली अर्थतन्त्रमा निम्त्याएको आर्थिकमन्दि र जलवायु परिवर्तनको असर नेपाली अर्थतन्त्रमा समेत परेको सन्दर्भमा राइनास नगरपालिकाको आर्थिक गतिविधि समेतलाई दृष्टिगत गरी आज आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम लिएर यहाँहरु बीच सार्वजनिक गर्न उपस्थित भएको छु। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछि दोस्रो कार्यकालको लागि निर्वाचित हामी जनप्रतिनिधिहरुले नगरबासीको बिकास र समृद्धिको चाहना पुरा गर्ने जिम्मेवारी प्राप्त गर्दै गर्दा नेपालकै ऐतिहासिक धरोहर बोकेको राइनास नगरपालिकाद्धारा आयोजित यस १४ औं नगरसभामा नगर प्रमुखको हैसियतले आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रमलाई सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै खुशी छु। यस गरिमामय सभामा उपस्थित उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण सभासद्हरु, विभिन्न विषयगत शाखा प्रमुखहरु, सबै कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु, नीति र कार्यक्रमलाई नजिकबाट नियालिरहनु हुने सबै नगरबासी आमा बुबा दाजुभाई, दिदीबहिनीहरु प्रति समेत राइनास नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दै सहयोगको अपेक्षा राखेको छु।

**नगर सभासदज्यूहरु,**

नेपालको ऐतिहासिक, धार्मिक, प्राकृतिक, सांस्कृतिक पहिचान बोकेको बिकासको उच्च सम्भावना भएको यस पालिकाको उत्पादन, रोजगारी, विकास निर्माण, शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवा प्रवाहमा देखिएका चुनौतिहरु सामना गर्न संघ, प्रदेश र स्थानीय सरकार निरन्तर जुटिरहेको छ। हामीले विगत दुई वर्षमा राइनासको बिकास र समृद्धिको लागि असल मनसायले गरेका प्रयासहरुले सकारात्मक नतिजा समेत दिएका छन्। तथापि बिकासको यो यात्रामा थुप्रै चुनौती र कठिनाईहरु पार गर्नुपर्ने महशुस भएको छ। विशेष गरी उत्पादन वृद्धि मार्फत रोजगारी सिर्जना, दिगो र वातावरणमैत्री गुणस्तरीय विकास, सामाजिक परिचालन, सबै प्रकारका विभेद, बञ्चितिकरण र असमानताको अन्त्य गरी नगरवासिहरुमा समन्यायिक, समतामूलक र समृद्ध समाज निर्माण गरी राइनास नगरपालिका भित्र बस्ने र गरिखाने व्यवस्था मिलाउन प्रतिबद्ध रहेका छौं। स्थानीय नागरिकको विकासको चाहना, जननिर्वाचित प्रतिनिधि मार्फत मुखरित जनभावना र विज्ञ तथा सरोकारवालाहरुसँग गरिएको सर्वपक्षीय छलफल र उहाँहरुबाट प्राप्त सुझावहरुलाई आत्मसात गरी संघ, प्रदेश र आन्तरिक आय परिचालनबाट कार्यान्वयन हुने आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम तय गरी गरिमामय सभामा प्रस्तुत गर्दैछु।

**नगर सभासदज्यूहरु,**

नेपालको संविधान २०७२, प्रचलित कानून तथा नेपाल सरकार, प्रदेश सरकारको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटका प्राथमिकताहरु नै आवश्यकता पहिचानका मुख्य आधारका रुपमा लिइएको छ। कृषिमा व्यवसायीकरण, आधुनिकीकरण, दिगो र वातावरणमैत्री गुणस्तरीय विकास ,पूर्वाधार, स्वास्थ्य, शिक्षा, खानेपानीमा सबैको पहूँच, उत्पादन र रोजगारी प्रवर्द्धन मार्फत गरिबी निवारणलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु। संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यको आधारमा आवश्यक स्रोत विनियोजन तथा साधनको व्यवस्थापन गर्दै कार्यन्वयनमा जानुपर्ने आजको आवश्यकता रहेको छ। सीमित स्रोतबाट बढ्दो विकास प्रतिको चाहना र निर्वाचनमा हामीले गरेका प्रतिवद्धताहरु क्रमशः पुरा गर्न यो नीति तथा कार्यक्रमले सम्बोधन गर्नेछ भन्ने विश्वास लिएको छु।

**नगर सभासदज्यूहरु,**

अब म चालु आ.व. २०८१/८२ को क्षेत्रगत नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु।

**आर्थिक क्षेत्र**

१. कृषि क्षेत्रलाई नगरपालिकाको विकासको प्राथमिक क्षेत्रको रुपमा अगाडि बढाइनेछ। कृषि क्षेत्रको उत्पादन लागत घटाउन, उत्पादकत्व बढाई बजार सुनिश्चित गरी कृषि पेशालाई मर्यादित एवं व्यवसायिक पेशाको रुपमा विकास गर्न उत्पादनमा आधारित अनुदान, यान्त्रिकरण, सामुहिक खेती प्रणाली, कृषि एवं पशु विमा लक्षित कार्यक्रम, कृषि उपज संकलन केन्द्र, रैथाने वाली संरक्षण कार्यक्रम, नश्ल सुधार कार्यक्रम, सुरुङ्गे खेती, एक वडा एक कृषि प्राविधिक, एक गाऊँ एक उत्पादनको अवधारणा

कार्यान्वयनमा ल्याउन मेयर उद्यमशिलता कार्यक्रम अगाडि बढाइएकोमा नेपाल बैंक लिमिटेडसँग सम्झौता गरिएको तर नेपाल सरकारबाट प्राप्त हुने अनुदान आर्थिक अभावका कारण प्राप्त नभई कार्यान्वयन गर्न नसकिएको व्यहोरा सबैलाई अवगत नै छ। आगामी आ.व.मा उद्यमशील नागरिकहरुलाई  मेयर उद्यमशिलता कार्यक्रम अन्तरगत समेट्दै बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त हुने सहुलियत ऋण, प्राथमिकता प्राप्त क्षेत्र कर्जा कार्यक्रमहरुमा जोड्न पहल गरिनेछ। बिना धितो सहुलियत दरमा ऋण उपलब्ध गराई बित्तीय सहायता दिई यथासक्य धेरै किसानहरुलाई मेयर उद्यमशिलता कार्यक्रममा जोडिनेछ।

२. एक वडा एक प्रमुख खाद्यान्न बाली र पशुपालनलाई अभियानकै रुपमा सञ्चालन गर्न वडा नं. ९ र १० तथा वडा १ देखि ८ को माथिल्लो क्षेत्रलाई मकै, बाख्रापालन, कोदो, मौरी, किवी र फलफूल खेतीको पकेट क्षेत्र विस्तार गरिनेछ। त्यसै गरी वडा नं १ देखि ८ को तल्लो क्षेत्रलाई दुध, धानवाली, तेलहनबाली, तरकारी र मसलावाली व्यवसायलाई पकेटको रुपमा संचालन गरिनेछ। तल्लो क्षेत्रमा उच्च सम्भावना रहेको रैथाने आँप, लिची, कटहर, एभोकाडो, र केरा खेतीलाई प्रोत्साहन गरिनेछ।

३. कृषि अनुदानलाई प्रत्यक्ष उत्पादनसँग आवद्ध गराउन र अवास्तविक कृषकले अनुदान पाउने प्रवृत्तिलाई निरुत्साहित गर्न दुध, कोदो र खसी-बोकाको मासुमा दिदै आएको उत्पादनमा आधारित अनुदानलाई निरन्तरता दिइनेछ। सबै प्रकारका कृषि उपजहरुको खरिद बिक्री नियमित रुपमा हुने गरी औद्योगिक ग्राम स्याउलीबजारमा साप्ताहिक रुपमा हाट बजार संचालन गरिनेछ।

४. भूमिको उत्पादन र उत्पादकत्व बढाउन भूमिको अव्यवस्थित खण्डिकरणलाई निरुत्साहित गर्दै व्यवस्थित एवं वैज्ञानिक चक्लावन्दीलाई प्रोत्साहन गर्न भू-उपयोग नीति कार्यान्वयनमा ल्याइनेछ। आ.ब. २०८०/८१ मा नमूना रुपमा खेतियोग्य जमिनको वैज्ञानिक चक्लावन्दी कार्यक्रम प्रदेश सरकारको साझेदारीमा वडा नं ०६  गंगटेमा १२८ रोपनी जग्गामा सञ्चालनको लागि आवश्यक प्रकृया अगाडि बढेको छ भने आ.व. २०८१/८२ मा अन्य कृषियोग्य भुमिमा समेत चक्लाबन्दी कार्यक्रम अगाडि बढाइने छ। कृषि क्षेत्रमा प्रविधिकरण र व्यवसायीकरण गरी उत्पादन लागत घटाउने र आय वृद्धि  गर्ने नीति अवलम्वन गरिनेछ। साथै भौगोलिक विविधतामा रहेका प्राकृतिक श्रोत साधन जैविक विविधता तथा औषधीजन्य प्राकृतिक जडिवुटीहरुको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने नीति समेत अवलम्बन गरिनेछ।

५. सबै प्रकारका पशुपंक्षीमा संक्रमण हुने आन्तरिक तथा बाह्य परजिवी बिरुद्धको औषधी र आकस्मिक उपचारमा प्रयोग हुने औषधी र सेवा निशुल्क वितरण कार्यलाई निरन्तरता दिइनेछ। यसका लागि प्रत्येक वडाका मुख्य बस्तीहरुमा घुम्ती पशुसेवा कार्यक्रम संचालन गरिनेछ। विभिन्न पशु महामारी विरुद्ध प्रभावकारी कदम चालिनेछ।

६. नगरक्षेत्र भित्र उत्पादन हुने कृषि तथा गैर कृषि उपजहरुको राइनासको पहिचान सहितको ब्राण्डिङ्ग, प्याकेजिङ्ग र लेवलिङ्ग कार्य सुरुवात गरिनेछ।

७. कृषि क्षेत्रको उत्पादनमा उत्पादकत्व वृद्धि गर्न उन्नत बिउ उपयोगमा अनुदानको व्यवस्था मिलाइनेछ। नगरक्षेत्र भित्र रैथाने तथा उन्नत बिउ उत्पादन गर्ने समुह सहकारीलाई प्रोत्साहन गरिनेछ। कृत्रिम गर्भाधान मिसन कार्यक्रम अन्तरगत गर्भाधान बिज निशुल्क उपलब्ध गराइनेछ। कृत्रिम गर्भाधान सम्बन्धी सेवा शुल्क यथावत कायम रहने छ।

८. बाँझो तथा उपयोग नभएका जमीनहरुलाई भाडामा दिई व्यवसायिक प्रयोग गर्न प्रोत्साहित गरिने छ । कम्तीमा ५० रोपनी जमिन १० बर्ष भाडामा लिई व्यवसाय गरेमा व्यवसाय शुरु गरेको ६ महिनापछि नगरपालिकाबाट तोकिएको रकम अनुदान दिइनेछ। यसबाट कृषि क्षेत्रमा व्यवसायीकरण गर्न प्रोत्साहन हुनेछ। आफ्नो जमीनमा खेती गर्न नसक्ने जग्गाधनीहरु मिलेर कम्तीमा १० बर्षको लागि ५० रोपनी क्षेत्रफल व्यवसायिक प्रयोगमा आउन सक्ने जमिन भाडामा दिन इच्छुक व्यक्ति/समुहले नगरपालिकामा विवरण सहित निवेदन दिएमा नगरपालिकाले व्यवसायको लागि जग्गा लिन सूचना आव्हान गरिदिनेछ। जग्गा भएका तर खेती नगर्ने जग्गा धनीलाई आफैं खेती गर्न, जग्गा भाडामा दिन तथा सामूहिक खेती गर्न प्रोत्साहन गरिनेछ। जग्गा बाँझो राख्ने र उपयोगका लागि भाडामा समेत दिन नचाहने जग्गा धनीहरुलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

९. कृषि पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्न लगानी प्रवर्द्धन, प्रविधि हस्तान्तरण, रोजगारी सृजना, बजारीकरण, बृहत पशुपालन एवं कृषि कार्यको लागि सार्वजनिक निजी-सहकारी-नागरिक साझेदारी अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

१०. कृषि व्यवसायमा प्रतिस्पर्धा भित्र्याउन, युवाहरुलाई कृषि कार्यमा प्रोत्साहन गर्न विभिन्न पाँच विधामा नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कारको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

११. नगरपालिकाको वडा नं ६ को स्याउलीमा रहेको औद्योगिक ग्राममा पूर्वाधार निर्माण गरिएको माछामासु प्रशोधन केन्द्रलाई आ.व. २०८१/८२ बाट आवश्यक कार्यविधि बनाई सञ्चालनमा ल्याइनेछ। साथै उक्त स्थानमा निर्माणाधिन चिस्यान केन्द्रको निर्माण कार्य सम्पन्न गरिनेछ। जलवायु अनुकूलन कार्यक्रम अन्तरगत कृषि तथा पर्यटन प्रवर्द्धनका लागि वडा नं. ५ मा नमूना बस्ती निर्माण गरी कृषि प्रवर्द्धन कार्य गरिएको, नमूना बस्तीसँगै जोडिएको वडा नं. ६ को औद्योगिक ग्राममा प्राङ्गारिक मल उत्पादन तथा प्रशोधन कार्य शुरु गरिएको, वडा नं. ८ मा तार्कुघाट पुरानो बजार नमूना बस्ती निर्माण गरिने र वडा नं. ९ मा पर्यटक प्रवर्द्धनका लागि लालीगुराँस फूल संरक्षण सहितको राइनासकोट पार्क निर्माण, पदमार्ग निर्माण, राइनासकोट सामुदायिक होमस्टे कोसेली घर निर्माण गरिनेछ।

१२. वन पैदावरमा आधारित उद्योग, कृषि उपज प्रशोधन उद्योग, काष्ठकला उद्योग, घरेलु तथा लघु उद्योग विकासका लागि प्रोत्साहन गरिनेछ। वन क्षेत्रमा विभिन्न प्रजातिका हावापानी अनुकूलका फलफूल तथा बोटविरुवा रोपण तथा संरक्षण गर्न बन उपभोक्ता समितिलाई प्रोत्साहन गरिनेछ। यसबाट बाँदर लगायतका बन्यजन्तु आक्रमणमा न्यूनिकरण हुने विश्वास लिइएको छ।

१३. नगर क्षेत्रभित्रका बेरोजगार युवा जनशक्तिलाई रोजगारी उपलब्ध गराउन हलुका सवारी साधन तालिम, प्लम्बिङ, मिनिटिलर मर्मत, मुढा बुनाई, झोला बुनाई, राडी पाखी बुनाई, दुना टपरी उद्योग, काष्ठकलाका सामग्री उत्पादनमा प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ।

१४. सहकारी संस्थाको जवाफदेहिता र क्रियाशिलता प्रवर्द्धन गर्न एक सहकारी एक उत्पादनको अवधारणा कार्यान्वयनमा ल्याइनेछ। सहकारी सदस्य तथा संस्थाहरुको हित संरक्षण एवं सवलीकरणमा नगरपालिकाले उचित ध्यान दिनेछ। सहकारी संस्थाहरुले आफ्नो वित्तीय व्यवस्था प्रष्ट पार्ने विवरण अर्ध बार्षिक रुपमा नगरपालिकाको सम्बन्धित शाखामा बुझाउनुपर्ने व्यवस्था गरिनेछ। **"सहकारीको मन्त्र आत्मनिर्भर अर्थतन्त्र"** भन्ने नारालाई सार्थक बनाउन सहकारी क्षेत्रको वचतलाई उद्यमशिलता विकास, उत्पादनमूलक क्षेत्र, कृषि विकास तथा रोजगारी सिर्जनामा परिचालन गर्न प्रोत्साहन गरिनेछ।

१५. गुणस्तरीय वस्तु सुपथ मूल्यमा नियमित रुपमा प्राप्त गर्ने नागरिकको अधिकारलाई सम्मान गर्न बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइनेछ। उपभोक्ता जागरण अभियान तथा उपभोक्ता हित मञ्च गठन गरिनेछ।

१६. सबै प्रकारका उद्योग, व्यवसाय, पेशाको दर्ता नविकरण, नियमन, अनुगमनलाई विधिसम्मत, सहभागितामूलक र व्यवसायमैत्री बनाइनेछ। युवा उद्यमशिलता विकास गर्न सहुलियत पूर्ण कर्जा, उत्पादनमा आधुनिकीकरण एवं यन्त्रीकरण र बजारिकरणको व्यवस्थापन गरिनेछ। यसको लागि कृषक समूह, सहकारी र निजी बैङ्क तथा वित्तीय संस्थाहरुसँग सहकार्य गरिनेछ।

**पर्यटन क्षेत्र**

१७. नगर क्षेत्रभित्रको भौगोलिक विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई आन्तरिक तथा बाह्य पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आय आर्जन र समृद्धिको आधारको रुपमा स्थापित गरिनेछ। त्यसका लागि पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण, प्रवर्द्धन गर्न नगर पर्यटन गुरुयोजना तर्जुमा, पर्यटकीय क्षेत्रको नक्शाङ्कन, नवीन पर्यटकीय उपजहरुको विकास, पर्यटन पूर्वाधारहरु निर्माण, प्रचार प्रसार गरी एकिकृत पर्यटनको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

१८. नगरबिकास कोष, नेपाल सरकार, प्रदेश सरकार र छिमेकी पालिकाको आर्थिक तथा प्राविधिक साझेदारीमा चेपे कोरीडोरमा वृहत जलासय निर्माण सुरुवात गरिनेछ।

१९. राइनासकोट एकीकृत पर्यटकीय पूर्वाधार कार्यक्रम अन्तर्गत साइकल ट्रेल, पद मार्ग स्तरोन्नती, प्याराग्लाडिङ उडान-अवतरण कक्ष, यात्रु कक्ष, बुद्धपार्क, राइनासकोट लालीगुँरास पार्क, अतिथि घर, कोशेली घर निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२०. चेपेघाट, चक्रतीर्थधाम, धर्मनाथ धाम, भक्ति पार्क, जोगी गुफा, सिद्धबाबा क्षेत्र, गोरखनाथ र राइनासकोट क्षेत्रलाई विशेष संरक्षित क्षेत्र घोषणा गरी राइनास हेरीटेजको रुपमा विकास गरिनेछ। पिण्डेश्वर धाम, चमेरे गुफा, साल्मेकोट, झाक्रिथान, सन्तानेश्वर मन्दिर, अकला मन्दिर, शिव खड्गदेवी मन्दिर, मनकामना मन्दिर, घडेरीदेवी मन्दिर, शिव ढुन्डुर, चेपे राइनासकोट पदमार्ग, कुसुन्डे पार्क, नयाँपौवा बनस्पती पार्क तथा शिवालय मन्दिर, महारुद्र मन्दिर, मेजर गाउँ बगैचा बनभोज स्थल, सिम्ले पार्क, गौलीटार पार्क, नर्सरी पार्क, पन्थेडाँडा कालिका मन्दिर, रुद्रदेवी मन्दिर, धार्मिक गुम्बाहरु, टिमुरे बालउद्यान, टिमुरे उपल्लो बगैंचा पार्क, नागेठाँटी पार्क, गोरखनाथ मन्दिर पन्थेडाँडा, भकनपुर कालिका मन्दिर, कुमाल गाउँ होम स्टे लगायतका पर्यटकीय क्षेत्रहरुको स्तरोन्नती गरी पर्यटन प्रवर्द्धन गरिनेछ। मुस्लिम समुदायको मदरसा, मस्जिद र कवरस्थानको निर्माण एवं

संरक्षण गरिनेछ। विभिन्न जात जातिहरुको विशिष्ट मौलिक जात्रा, पर्व, मेला, भेष भूषा, भाषा, कला, साहित्य आदिको संरक्षण प्रवर्द्धन मार्फत सांस्कृतिक तथा खेलकुद पर्यटन विकासको लागि एक वडा एक खेलकुद तथा सांस्कृतिक कार्यक्रम संचालन गरिनेछ।

**नगर सभासदज्यूहरु,**

अब म सामाजिक क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**सामाजिक क्षेत्र**

२१. **हाम्रो विद्यालय हाम्रो जिम्मेवारी** भन्ने भावना जागृत गरी स्वच्छ, शान्त, वातावरणमैत्री, प्रविधियुक्त, गुणस्तरीय शैक्षिक वातावरणमा अध्ययन गर्न पाउने वालवालिकाको अधिकारलाई सुनिश्चित गर्न शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावक वीच नियमित अन्तरसंवाद गर्ने व्यवस्था मिलाइनेछ। विद्यालय हरियाली कार्यक्रम, सूचना प्रविधिको व्यवस्था, वाल कक्षा कार्यक्रम र अतिरिक्त शैक्षिक क्रियाकलाप नियमित रुपमा सञ्चालन गरिनेछ।

२२. सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका बालबालिकाहरुको बैंक खाता खोली नगरपालिका र अभिभावकले क्रमश बार्षिक रु. ६०० जम्मा गरी बाल बचत गर्ने कार्य शुरु भइसकेको छ। उच्च शिक्षा अध्ययनमा सहयोग पुग्ने उद्धेश्यले ल्याइएको उक्त कार्यक्रमलाई यस आ.व.मा पनि निरन्तरता दिइनेछ।

२३. शिक्षक सरुवा, काज, कक्षा कोठा व्यवस्थापन, डिजिटल लाइब्रेरी, विद्यालय भवन, शिक्षक एवं विद्यालय कर्मचारीलाई तालिम, बालबिकास सहजकर्ता तालिम, अभिभावक शिक्षा र छात्रावास निर्माण मार्फत शैक्षिक गुणस्तर सुदृढ गरिनेछ। ठूला र आवासीय विद्यालयको अवधारणा उपर बहस पैरबी गरिनेछ। यो आर्थिक वर्षलाई शिक्षा विशेष वर्षको रुपमा अगाडि बढाइनेछ। नगरपालिकाको शैक्षिक सूचक पुरा गर्न उच्च शिक्षा अध्ययनको लागि कलेज सञ्चालनको वातावरण मिलाइने छ।

२४. शिक्षक, विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरुलाई स्वयं अनुशासित, उत्तरदायी र जवाफदेही बनाउन उत्प्रेरणात्मक कार्यक्रम संचालन गरिनेछ। विद्यालयमा टिम सुपरभिजन कार्यक्रमलाई जोड दिइनेछ।

२५. सामुदायिक विद्यालयहरुको वित्तीय अनुशासन कायम गर्न एकीकृत विद्युतीय लेखा प्रणाली कार्यान्वयनमा ल्याइनेछ।

२६. हाल सरकारले सामुदायिक विद्यालयमा संचालन गरिरहेको दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यार्थी संख्याको आधारमा दिवा खाजा कार्यक्रम व्यवस्थापन गर्न एकमुष्ठ अनुदान दिने व्यवस्था मिलाइनेछ।

२७. सामुदायिक विद्यालयहरुको गुणात्मक विकासका लागि आवश्यक नीति, पूर्वाधार विकास र शिक्षक एवं विद्यालय प्रशासनको क्षमता अभिवृद्धि गरिनेछ। आर्थिक रुपमा विपन्न, गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा सम्मको पहुँच सुनिश्चित गर्न आवश्यक पहल गरिने छ। साथै अपाङ्गमैत्री, बालमैत्री विद्यालयको अवधारणालाई लागु गर्दै जाने नीति अवलम्बन गरिनेछ। बालमैत्री स्थानीय शासनको अवधारणा अनुशरण गर्दै बालमैत्री नगरपालिकाका रुपमा राइनास नगरपालिकालाई परिचित गराइनेछ।

२८. योग्य, सीपयुक्त प्राविधिक जनशक्ति विकासको लागि प्राविधिकधार संचालित विद्यालयहरु र शिक्षालयको क्षमता विकास गरिनेछ। ति विद्यालयहरु बिचमा नियमित सम्वाद समन्वय हुने व्यवस्था मिलाइनेछ।

२९. राइनासको मौलिकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम अनुसारको पाठ्य सामग्री तयार गरी कार्यान्वयनमा जोड दिइनेछ।

३०. एक वडा एक व्यवस्थित खेलमैदान निर्माण कार्यलाई प्रवर्द्धन गरिनेछ। खेल र खेलाडीमा लगानी अभिवृद्धि गरी खेलको माध्यमबाट स्वच्छ प्रतिस्पर्धाको भावना, भातृत्व र नगरपालिकाको प्रतिष्ठा अभिवृद्धि गरिनेछ। त्यसका लागि वडास्तरीय र नगरस्तरीय खेलकुद विकास समिति बनाउने, खेल र खेलाडीहरुको एकिकृत अभिलेख राख्ने, विभिन्न खेलको आयोजना गर्ने, खेलाडीहरुको स्तर निर्धारण गरिनेछ। नगर क्षेत्रभित्र आयोजना गरिने सबै प्रकारका खेलकुद आयोजना गर्नुपूर्व नगरपालिकाको पूर्व स्वीकृति अनिवार्य गरिनेछ।

३१. नगर क्षेत्रभित्र रहेका स्वास्थ्य संस्था र सेवा प्रवाहलाई बढी प्रतिफलमुखी बनाउन Health Service Mapping गरिनेछ। आवश्यक स्वास्थ्य सेवा, स्वास्थ्यकर्मी र स्वास्थ्य संस्था बीच सन्तुलन कायम गरिनेछ । संघ संस्थाहरुसँगको सहकार्यमा शिविरहरु

सञ्चालन गरिनेछ। सुनौला हजार दिनका आमा एवं बच्चाको स्वास्थ्यमा सुधार गर्न सन्तुलित पोषण र संस्थागत सुत्केरी अभियानको सुनिश्चितताको लागि नगद प्रोत्साहनको व्यवस्था गरिनेछ।

३२. नगरको गौरवको रुपमा रहेको नगर अस्पताल पूर्वाधार निर्माण सम्पन्न गरी दक्ष चिकित्सक, स्वास्थ्यकर्मी र मेडिकल उपकरणको व्यवस्था गरी संचालनमा ल्याइने छ। स्वास्थ्य कार्यक्रमहरुको विद्युतीय अभिलेख (Electronic Medical Record) कार्यक्रम संचालनमा ल्याइनेछ।

३३. संस्थागत प्रसुती सेवालाई विस्तार गरी नागरिकको पहुँचमा पुऱ्याउन स्थापना भएका वर्थिङ सेन्टरलाई थप ब्यवस्थित गरिनेछ। मातृ तथा नव शिशु कार्यक्रम, गर्भवती उत्प्रेरणा सेवा, आमा सुरक्षा, न्यानो झोला, निशुल्क सुरक्षित गर्भपतनको व्यवस्था मिलाइनेछ। महिला स्वयंसेविकालाई प्रोत्साहन, सुत्केरी महिलालाई नगद प्रोत्साहन र स्वास्थ्यकर्मीको सााप्ताहिक भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ। आधारभूत उपचार सहितको जेष्ठ नागरिक घरदैलो उपचार सेवा उपलब्ध गराइनेछ।

३४. नागरिकहरुमा आयुर्वेद सेवाको पहुँच पुऱ्याउन जीवनशैली व्यवस्थापन, आहार विहार व्यवस्थापन, योग, ध्यान र आयुर्वेद सम्बन्धी स्वास्थ्य शिविर र सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि नागरिक आरोग्य कार्यक्रम र पोषण संवेदनशिल कार्यक्रम संचालन गरिनेछ।

३५. नगरपालिका भित्र एम्बुलेन्स र शव बाहन सञ्चालन गर्न संघ, प्रदेश, सामाजिक संघ संस्थासँग सहकार्य गरिनेछ। नागरिकलाई अत्यावश्यक आकस्मिक स्वास्थ्य सेवामा सहज पहुँचका लागि पहल गरिनेछ। दम, प्रेसर, सुगर लगायतका विभिन्न रोग विरुद्धका ९८ प्रकारका औषधीहरु निशुल्क उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

३६. नागरिकलाई सुलभ र सरल रुपमा स्वास्थ्योपचारको लागि स्वास्थ्य वीमा कार्यक्रम स्वास्थ्य वीमा बोर्डको साझेदारीमा विस्तार गरिनेछ। वीमा सम्बन्धी सचेतना अभियान सञ्चालन गरिनेछ।

**सामाजिक सुरक्षा तथा संरक्षण**

नगरवासीहरुको जनधनको सुरक्षाको प्रत्याभूत गर्न जीवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणका देहाय अनुसारका नीति अख्तियार गरिनेछ।

३७. नगर क्षेत्र भित्रका दीर्घ रोगबाट प्रभावित आर्थिक अवस्था कमजोर भई उपचार गर्न कठिन भएका, प्राकृतिक एवं मानविय कारणबाट सिर्जित प्रकोपमा परी अङ्गभङ्ग भएका नागरिकको उपचारका लागि संघ तथा प्रदेश सरकारबाट सञ्चालित अस्पतालमा निशुल्क उपचारको व्यवस्था मिलाइनेछ। विपन्न नागरिकको तत्काल उपचारको लागि निश्चित रकम आर्थिक सहायता उपलब्ध गराइनेछ।

३८. राइनास नगरपालिकालाई वालवालिकाको हक हित प्रवर्द्धन र प्रतिभा प्रोत्साहन गर्न २०८२ फागुन मसान्त भित्र बालमैत्री नगरपालिका बनाउने लक्ष्य सहित बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३९. विपन्नताका कारण विद्यालय बाहिर रहनुपर्ने विद्यालय उमेर समूहका अति विपन्न बालबालिकालाई विद्यालय छोड्ने दरमा न्यूनीकरण गर्न शैक्षिक सामग्री सहयोगको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४०. नगरपालिका भित्रका फरक क्षमता भएका व्यक्तिहरुको क्षमता पहिचान गरी तालिम एवं सीप विकास कार्यक्रम मार्फत क्षमता अभिवृद्धि गरी रोजगारी प्रत्याभूत गरी स्वावलम्बी बनाइनेछ।

४१. महिला उद्यमशिलता प्रवर्द्धन, रोजगारी सृजना र सम्पत्तिमा महिलाको पहुँच विस्तार गर्नका लागि विभिन्न किसिमका सीपमुलक/क्षमता विकास तालिम (दुना टपरी, हलुका सवारी साधन तालिम, साबुन, सिस्नोको पाउडर, बाँसको हस्तकलाको सामान उत्पादन सम्बन्धी तालिम, कृष्टल/पोतेको माला बनाउने तालिम आदि) दिई बजारीकरण र उद्योग सञ्चालनको लागि सहजिकरण गरिनेछ। महिला सशक्तीकरण र सवलीकरण कार्यक्रम संचालन गरिनेछ।

४२. समाजमा विद्यमान बाल विवाह, यौन हिँसा, घरेलु हिँसा, छुवाछुत न्यूनीकरण गर्न कानुनी साक्षरता कार्यक्रम संचालन गरिनेछ। नागरिकलाई समाजका सबै वर्ग समुदायको सह अस्तित्वलाई प्रवर्द्धन गर्न नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। दलित समुदायको परम्परागत सीप, कला र पेशाहरुको आधुनिकीकरण गरी संरक्षण गरिने छ।

४३. जेष्ठ नागरिकहरुको क्षमता, सीप र अनुभवलाई नगरपालिकाको विकासमा प्रयोग गर्न जेष्ठ नागरिक आश्रम तथा दिवा सेवा कार्यक्रम, जेष्ठ नागरिक मिलन केन्द्र, तनाव व्यवस्थापन तालिम र अन्तर पुस्ता सीप हस्तान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। त्यसै गरि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो र गौरवपूर्ण ऐतिहासिक जनआन्दोलन लगायतका अन्य संघर्षहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरु, बेपत्ता भएकाहरुको आश्रित परिवार तथा घाइते र पीडितहरुको सम्मानजनक जीवनयापनको लागि सामाजिक सम्मान एवं पुनर्स्थापनाको कार्यक्रमहरु संचालन गरिने छ।

**नगर सभासदज्यूहरु,**

अब म पूर्वाधार क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**पूर्वाधार क्षेत्र**

४४. नगरपालिकाको मेरुदण्डको रुपमा रहेको बृहत राइनास चक्रपथलाई स्तरोन्नती गरी क्रमशः कालो पत्रे गरिनेछ। यसका लागि प्रदेश र संघसरकारसँग समन्वय र सहकार्यमा कार्य भइरहेको छ ।

४५. पहाडी क्षेत्रको गौरवको योजनाको रुपमा रहेको राइनासटार सिंचाई आयोजना र पाङग्रे हर्रबोट सिंचाई आयोजना संघ र प्रदेश सरकारको समन्वय र सहकार्यमा पुन निर्माण गरिनेछ।तत्काल आकस्मिक मर्मत गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ।राइनासटार सिचाईं योजनाको शाखा विस्तार र अन्य साना सिचाईं तथा कुलो निर्माण र मर्मत कार्यलाई निरन्तरता दिइनेछ।

४६. गुणस्तरीय पिउनेपानीमा सबैको पहुँच पुऱ्याउन दिगो स्रोतको पहिचान, भू-सतहको पानीको उत्खनन र लिफ्टिङ प्रविधि प्रयोगमा ल्याइनेछ। आधारभूत रुपमा खानेपानीको पहुँच पुऱ्याइनेछ। एक घर एक धाराको अवधारणा अनुसार वडा नं ६, ७ र ८ का बस्तीहरुमा चामबोटे, तार्कुघाट, धमिलिकुवा वृहत्तर खानेपानी विस्तारको कार्य अन्तिम अवस्थामा पुगेको छ। राइनास वृहत खानेपानी योजना निर्माण कार्य सम्पन्न गर्न संघीय सरकारसँग आवश्यक पहल गरिनेछ।

४७. नेपाल विद्युत प्राधिकरणको साझेदारीमा वडा नं. १ देखि ८ सम्मका मुख्य वस्तीहरुमा उज्यालो पालिका कार्यक्रम संचालन गरिनेछ।

४८. विद्युत सुविधा नपुगेका घरहरुमा विद्युत विस्तार गर्ने, काठे पोलहरुको विस्थापन गर्ने, ट्रान्सफर्मर थप गरी सारभूतरुपमा विद्युतीकरण कार्यक्रम सम्पन्न गरिएको छ।वडा नं. ९ र १० को विद्युत उपभोक्ता समितिसँग समन्वय र सहकार्य गरी उक्त समितिका सम्पत्ति तथा दायित्व व्यवस्थापन गर्न नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गरिनेछ।

४९. नगरपालिका भित्रका वडा कार्यालय जोड्ने मुख्य सडक संरचनाहरु स्तरोन्नती गरी बाह्रै महिना सडक सुविधा पुऱ्याउन आवश्यक व्यवस्था गरिनेछ। नयाँ सडक र ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ। ५ वर्ष सम्म एकै प्रकारका वडा गौरवको आयोजनामा निरन्तर वजेट विनियोजन गरी देखिने प्रकृतिको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने लगानीलाई निरन्तरता दिइनेछ।

५०. टोल सुधार समिति, आमा समूह, युवा क्लब, जेष्ठ नागरिक दिवा सेवा केन्द्र, लगायतका गैर सरकारी संघ संस्थाको निर्माणाधीन भवन निर्माण सम्पन्न गर्न प्राथमिकता दिइनेछ। अबदेखि यस प्रकारका भवनहरुमा प्रतिफल विश्लेषण गरी उच्च लाभ हुने भवनहरुमा मात्र लगानी गरिनेछ। एक अर्का संस्थाका भवनहरुलाई साझा उपयोगमा जोड दिइनेछ।

५१. उपभोक्ता समितिबाट हुने कामलाई गुणस्तरीय, प्रतिस्पर्धी र दिगो बनाउन गुणस्तरीय एवं प्रभावकारी कार्यसम्पादन गर्ने र यथेस्ट श्रमदान गर्ने उपभोक्ता समितिलाई प्रोत्साहन गरिनेछ। विकास निर्माणको प्रकृति हेरी श्रमदानको अंश निर्धारण गरिनेछ। रु. १५ लाख भन्दा बढीका निर्माण योजनाहरु ठेक्का प्रक्रियाद्वारा निर्माण गरिनेछ ।

**नगर सभासदज्यूहरु,**

अब म वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

५२. विकास र वातावरण बीच सन्तुलन मिलाउन वातावरणमैत्री संरचना निर्माण गरिनेछ। सडक निर्माण वा अन्य किसिमका संरचना निर्माण गर्दा वायो इन्जिनियरिङ प्रविधिलाई प्रोत्साहन गरिनेछ। उत्पादन र आय आर्जन अभिवृद्धि हुने गरी जलवायु अनुकूल वृक्षारोपण कार्यलाई प्रोत्साहन गरिनेछ।

५३. सरकारी, सार्वजनिक जग्गाहरुको एकीकृत अभिलेख तयार गरिनेछ। सार्वजनिक जग्गाहरुको नक्शाङ्कन, सिमाङ्कन गरी हेरचाह र संरक्षणको व्यवस्था मिलाइनेछ। मध्यपहाडी लोकमार्ग, नेपालडाँडा बोराङ्गखोला सडक, राइनास टार र पाडग्रे हर्रावोट सिंचाई योजनाको क्षेत्राधिकार भित्र पर्ने जग्गाहरु नेपाल सरकारको निकायले तोकेको मापदण्ड अनुसार लगत कट्टा सुरुवात गरिनेछ र उक्त क्षेत्राधिकार भित्र कुनैपनि स्थायी र अस्थायी संरचना निर्माण गर्न दिइने छैन।

५४. नगरका घना वस्तीका रुपमा विकसित हुँदै गरेका बोराङखोला बजार, हर्राबोट, तार्कुघाट बजार, सातविसे बजार, तिनपिप्ले बजार, धमिलिकुवा बजार लगायतका बजार क्षेत्रबाट उत्सर्जन भएका फोहोरमैलाहरुको व्यवस्थापनको लागि फोहोरमैलाको वर्गिकरण, पुनः प्रयोगको लागि नागरिक, समुदाय र नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। नकुहिने फोहोरमैलाहरुको व्यवस्थापनको लागि वडा नं. ४ को बुढीखोलामा निर्माणको चरणमा रहेको सरसफाइ तथा मनोरञ्जन पार्कको निर्माणलाई निरन्तरता दिइनेछ। सरसफाई केन्द्रलाई रिफ्रेसमेन्ट सेन्टरको रुपमा बिकास गर्न आवश्यक पहल गरिनेछ।

५५. विपद प्रभावित क्षेत्रका नागरिकहरुको शिघ्र उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणको लागि विपद व्यवस्थापन कोषको व्यवस्था गरिनेछ। कोषको रकम निश्चित कार्यविधिका आधारमा विपद पीडित नागरिकहरुको धनजनको सुरक्षाको लागि खर्च हुने व्यवस्था गरिनेछ। विपद पुर्व तयारी, विपद पश्चातको शीघ्र प्रतिकार्य एवं पुनस्थापना गर्ने कार्यमा स्थानीय युवा एवं स्वयंसेवी संघ संस्थाहरुको सहकार्यमा विपद ब्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

**नगर सभासदज्यूहरु,**

अब म कानून तर्जुमा र कार्यान्वयनसँग सम्बन्धित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**कानून तर्जुमा र कार्यान्वयन**

५६. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहको एकल अधिकार र तीनै तहका साझा अधिकारको सूचीमा रहेका कार्यक्षेत्रको नियमन, सहजीकरण र प्रवर्द्धनको लागि आवश्यक कानून निर्माण गरिनेछ । नगरपालिकाको शासन सेवा र विकासको यात्रालाई विधि सम्मत, जवाफदेही, उत्तरदायी र पारदर्शी बनाई नागरिकहरुमा सुशासनको प्रत्याभूति गर्न विद्यमान कानुनमा आवश्यक संशोधन र परिमार्जन गरिनेछ।

५७. न्यायिक समितिको कार्यलाई छिटो छरितो सरल एवं प्रभावकारी बनाउन मेलमिलापकर्तालाई अभिमुखिकरण, नियमित वैठक संचालन गर्ने तथा स्थानीयस्तरका विवादहरुलाई मेलमिलाप मार्फत निरुपण गर्ने नीति अवलम्बन गरिने छ र उक्त कार्यले सामाजिक सद्भाव राख्ने कार्यलाई टेवा पुग्ने विश्वास लिएको छु।यसका लागि कानुन अधिकृतको व्यवस्था गरिनेछ। नगरबासीहरुलाई निशुल्क कानुनी परामर्श सेवा उपलब्ध गराइनेछ।

**नगर सभासदज्यूहरु,**

अब म सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**सार्वजनिक सेवा तथा क्षमता विकास**

५८. नगरपालिकाको शासन, सेवा र विकासलाई दिगो, गुणस्तरीय र क्षेत्रगत सन्तुलन मिलाउनको लागि नगरपालिकामा स्थायी जन्म भएका विभिन्न संघ, संस्था, पेशा, व्यवसाय र विज्ञता भएका नगरवासीहरु र अन्य शुभेच्छुक विद्वत व्यक्तिहरुको राय, सल्लाह, सुझाव निरन्तर लिई समग्र नगर विकासका लागि निजहरुमा रहेको ज्ञान, सिप र विज्ञताको उपयोग गरिनेछ।

५९. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी, जवाफदेही, नागरिकमैत्री बनाइने छ। नागरिक सहायता कक्ष, स्तनपान कक्ष, सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण लगायतका व्यवस्थापकीय औजारहरु प्रयोग गरिनेछ। सेवा प्रवाहका सबै प्रकारका गतिविधिलाई नियमन गर्न सबै वडा कार्यालय, प्रशासकीय कार्यालयमा सि.सि.टि.भि. जडान सम्पन्न गरिनेछ।

६०. उच्च कार्यसम्पादन भएका जनमैत्री सेवा प्रवाह गर्न तल्लीन कर्मचारीलाई पुरस्कृत गरिनेछ भने शैक्षिक गुणस्तर उत्कृष्ट बनाउन खटिएका अब्बल वालविकास, आ.वि. र मा.वि. तहका शिक्षक एवं कर्मचारीलाई पुरस्कृत गरिनेछ।

६१. आवधिक योजना तर्जुमा कार्य सम्पन्न गरी निर्दिष्ट क्षेत्रगत विकासका सूचकहरु प्राप्त गर्न बजेट तर्जुमा र खर्च प्रणालीलाई पूर्वानुमान योग्य बनाइनेछ। त्यसका लागि त्रिवर्षिय बजेट प्रक्षेपण, मध्यमकालीन खर्च संरचना, लैङ्गिक उत्तरदायी बजेट र आयोजना बैंकको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ।

६२. नगरपालिकाको सार्वजनिक प्रशासनलाई छिटो, छरितो, नियमित, प्रविधिमैत्री, पारदर्शी बनाई सुशासनयुक्त बनाउन भौतिक पूर्वाधार सुदृढिकरण, डिजिटल सेवा प्रणालीको प्रयोग, संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ, कार्य विवरण लागु गर्ने, कार्य सम्पादन करार गर्ने, कर्मचारीहरुको कार्य जिम्मेवारी हेरफेर, पुरस्कार एवं दण्डको व्यवस्था, क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

६३. सेवा प्रवाहलाई प्रविधीमैत्री बनाउन वेभसाइट स्तरोन्नती, सबै प्रकारका राजश्व र भुक्तानी अनलाइन प्रणालीमा आधारित बनाइनेछ। वडा कार्यालयहरुको सेवा प्रवाहलाई छिटो छरितो बनाउन आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ।

६४. नगरवासीलाई सुरक्षाको पूर्ण प्रत्याभूति दिन नगरभित्रका मुख्य वस्तीका चोकहरुमा सि.सि.टि.भी. जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ। चोरी निकासी नियन्त्रण र ट्राफिक नियमको पालनाको लागि नागरिक प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

६५. त्रैमासिक रुपमा सार्वजनिक सुनुवाइलाई अनिवार्य गरी पारदर्शी सेवा प्रवाहलाई प्रवर्द्धन गरिनेछ। मुख्य बस्तीहरुमा नगर सूचनापाटीको स्थापना र स्थानीय रेडियोसँगको साझेदारी मार्फत नगरका सम्पूर्ण सूचना एवं सन्देशहरु नागरिक समक्ष पुऱ्याइनेछ।

६६. योजनाको गुणस्तर सुनिश्चित गर्न योजनाको निरन्तर र सघन अनुगमनलाई जोड दिइनेछ। उपभोक्ता समितिबाट हुने योजनाको समेत गुणस्तर परीक्षण गरिनेछ।

६७. गैरसरकारी संस्थाको गतिविधिलाई विधिसम्मत बनाउन दर्ता, नियमन, लेखापरीक्षण कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ।

६८. सामाजिक गतिविधिमा नगरबासीका क्रियाकलापलाई चलायमान बनाई नगरपालिकाको बिकास र समृद्धिमा स्थानीय समुदायलाई परिचालन गर्न मासिक रुपमा **"समाजका लागि एक दिन"** अभियान संचालन गरिनेछ। उक्त कार्यक्रम जनप्रतिनिधिको अगुवाईमा कर्मचारी, सुरक्षाकर्मी र स्थानीय समुदायको सक्रिय सहभागितामा संचालन गरिनेछ।

६९. नगरका सबै प्रकारका सरकारी, सामाजिक र सामुदायिक कार्यक्रममा खादा र ब्याच लगाउने कार्यलाई थप निरुत्साहन गरिनेछ। सार्वजनिक कार्यक्रममा खादा प्रयोग नगर्न सबै नगरवासीमा सुचना सम्प्रेषण गर्दै स्थानीय फुल र बनस्पतिका पातहरुलाई उपयोग तथा पुष्प व्यवसाय प्रवर्द्धनमा जोड दिइनेछ।

७०. स्थानीय श्रम सिप र कच्चा पदार्थबाट बनेका दुनाटपरी, कागजका गिलास, बाँसका हस्तकलाका सामाग्रीहरु र माटाको भाडा उपयोगलाई प्रवर्द्धन गर्दै प्लाष्टिक उपयोगलाई निरुत्साहित गर्दै लगिनेछ।

७१. विद्यालयका कक्षा १ देखि ५ सम्मका बालबालिकाका लागि सरकारले उपलब्ध गराउँदै आएको दिवा खाजा कार्यक्रममा स्थानीय कृषि उत्पादनको उपयोगलाई अनिवार्य बनाइनेछ।

**नगर सभासदज्यूहरु,**

अब म राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**राजश्व प्रणाली तथा कर प्रशासन**

नागरिकको विकास प्रतिको उच्च मागलाई सम्बोधन गर्न आवश्यक स्रोत जुटाउन र सबैलाई विकास अभियानको हिस्सेदार बनाउन प्रगतिशिल कर प्रणाली मार्फत आन्तरिक स्रोत अभिवृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न देहाय अनुसारका कराधार तथा कर प्रशासन सुधार सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

७२. मालपोत एवं भूमिकर (सम्पत्ति कर) लाई भूमिको उपयोगिता, पूर्वाधार विकासको अवस्था, भौगोलिक विकटता समेतको आधारमा न्यायोचित एवं नागरिकमैत्री बनाउन विस्तृत वर्गीकरणमा जोड दिइनेछ।

७३. व्यवसाय करलाई व्यवसायको पूँजी, लगानी, आय, उत्पादन र वातावरणमा पार्ने प्रभाव समेतको आधारमा प्रगतिशिल कर नीति अपनाउन दरलाई घटाउने र दायरालाई विस्तार गरिनेछ। सबै प्रकारका पेशा, व्यापार, व्यवसाय र उद्योगलाई करको दायरामा ल्याइनेछ। कर संकलन र कर परिपालनालाई अभिवृद्धि गर्न सेवा प्रवाहलाई कर चुक्तासँग आवद्ध गरिनेछ। सबै प्रकारका करहरु वडा कार्यालय मार्फत संकलन हुने व्यवस्था मिलाइनेछ।

७४. विद्युतीय शासनलाई प्रोत्साहन गर्न कर प्रशासनलाई अनलाइन प्रणालीमा लगिनेछ। भुक्तानी प्रणालीलाई छिटो छरितो र सोझै सेवाग्राहीको खातामा रकम जम्मा हुने गरी विद्युतीय भुक्तानी प्रणाली पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।

७५. वार्षिक रुपमा तिर्नुपर्ने सबै कर अग्रिम भुक्तानी गरेमा छुट दिने व्यवस्था गरिनेछ।

७६. निर्माणमुखी पदार्थको उत्खनन र बिक्रि वितरणलाई व्यवस्थित गर्न राजश्व संकलन ठेक्का प्रक्रियाबाट हुने व्यवस्था मिलाइनेछ। निर्माणमुखी पदार्थको संकलन एवं बिक्रि वितरण गर्ने व्यवस्थालाई अनिवार्य रुपमा दर्ता हुने र वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेको क्षेत्र र परिमाणमा उत्खनन् हुने व्यवस्था मिलाइनेछ। नदीजन्य पदार्थको संकलन र उत्खनन् लाई विधिसम्मत र वास्तविक बनाउन अनुगमन र निरीक्षणलाई कडाई गरिनेछ।

७७. सबै उद्यमी व्यवसायीलाई नागरिकप्रति उत्तरदायी र जवाफदेही बनाउन उनीहरुकै सहभागितामा व्यापारिक स्वच्छता र व्यवसायिक अनुशासन पालनामा जोड दिइनेछ।

७८. नागरिकको बिकासप्रतिको चाहना पूरा गर्न उल्लिखित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न संघीय इकाईहरु बीच स्रोत साधनमा साझेदारी, स्थानीय स्रोतको अधिकतम परिचालन, सार्वजनिक निजी साझेदारी, बैंक बित्तीय संस्था, सहकारी, नगर बिकासकोष र गैर सरकारी संस्थासँगको साझेदारी जस्ता वित्तीय उपकरणहरुको उपयोग गरिनेछ।

अन्त्यमा, यस गरिमामय समारोहमा पेश गरिएको नीति तथा कार्यक्रममा सुझाव, पृष्ठपोषण दिनुहुने राजनीतिक दल, पूर्व जनप्रतिनिधिज्यूहरु, पेशाविद, बौद्धिक जगत, विकास साझेदार, उद्यमी ब्यवसायीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु र सम्पूर्ण नगरवासीहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु। संघ तथा प्रदेश सरकार प्रति समेत हार्दिक आभार प्रकट गर्दछु। नीति तथा कार्यक्रम तर्जुमामा प्रत्यक्ष रुपमा संलग्न हुनुहुने उप–प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, बिषयगत समितिका संयोजकज्यूहरु, विभिन्न विषयगत शाखा प्रमुखज्यूहरु, सम्पूर्ण सभासद्ज्यूहरु लगायत कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै राजनीतिक दल, पूर्व जनप्रतिनिधीहरु, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु र सबै नगरबासी आमा, बुबा, दाजुभाई, दिदीबहिनीहरुबाट सक्रिय एवं सार्थक सहभागिताको अपेक्षा गरेको छु।

**धन्यवाद।**

..........................
(खड्ग बहादुर गुरुङ)
नगर प्रमुख